# आवश्यकता

**प्रथम पटक प्रकाशित मिति : २०७३।९।४**

यस कोषमा रिक्त रहेका निम्न पदहरु खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन माग गरिएको छ । इच्छुक आवेदकले देहाय बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको बैंक भौचरसाथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणित प्रतिलिपिहरु एक/एक प्रति तथा हालै खिचिएको पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति समेत संलग्न राखी रीतपूर्वकको आवेदन फाराम भरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कोषको मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर एवं कोषको शाखा कार्यालयहरुमा दाखिला गर्नु हुन सूचित गरिन्छ । साथै, सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति पत्र पेश गर्नु पर्नेछ । रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको आवेदन उपर कुनै कारवाही हुने छैन ।

**(क) विज्ञापन नम्बर र पदको विवरण** :

<table>
<tr><th>विज्ञापन नं.</th><th>तह</th><th>पद</th><th>सेवा/ समूह</th><th>खुला र समावेशी</th><th>पदसंख्या</th><th>परीक्षा दस्तुर</th><th>आवश्यक न्यूनतम योग्यता</th><th>परीक्षाको किसिम</th><th>कैफियत</th></tr>
<tr><td>१६/०७२/७३</td><td>६</td><td>शाखा अधिकृत</td><td>प्रशासन</td><td>खुला</td><td>१(एक)</td><td rowspan="2">रु.११२५।-</td><td rowspan="2">मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको ।</td><td rowspan="2">लिखित तथा अन्तर्वार्ता</td><td rowspan="2">प्रत्येक थप समूहको परीक्षा दस्तुर थप रु.५००।-</td></tr>
<tr><td>१७/०७२/७३</td><td>६</td><td>शाखा अधिकृत</td><td>प्रशासन</td><td>महिला</td><td>१(एक)</td></tr>
<tr><td>१८/०७२/७३</td><td>५</td><td>प्रमुख सहायक</td><td>प्रशासन</td><td>खुला</td><td>१२(बाह्र)</td><td rowspan="6">रु.६२५।-</td><td rowspan="6">मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि प्राप्त गरेको ।</td><td rowspan="6">लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता</td><td rowspan="6">प्रत्येक थप समूहको परीक्षा दस्तुर थप रु.३००।-</td></tr>
<tr><td rowspan="5">१९/०७२/७३</td><td rowspan="5">५</td><td rowspan="5">प्रमुख सहायक</td><td rowspan="5">प्रशासन</td><td>महिला</td><td>३(तीन)</td></tr>
<tr><td>आदिवासी/ जनजाति</td><td>२(दुई)</td></tr>
<tr><td>मधेसी</td><td>२(दुई)</td></tr>
<tr><td>दलित</td><td>१(एक)</td></tr>
<tr><td>अपाङ्ग</td><td>१(एक)</td></tr>
</table>

(ख) स्थायी वा अस्थायी :- स्थायी ।

(ग) उमेरको हद :- मिति २०७३।१०।०४ सम्म २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको । तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

(घ) परीक्षणकाल :- कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम २.११ को व्यवस्था अनुरुप हुनेछ ।

(ङ) तलब स्केल र अन्य सुविधा :- कोषको प्रचलित नियमानुसार ।

(च) प्रत्येक सेवा अन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मदेवार हुने समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(ज) उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणपत्रहरु तोकिएको न्यूनतम योग्यताको एक प्रति मात्र बुझाए पुग्ने छ ।

(झ) दोब्बर दस्तुर तिरी दरखास्त बुझाउने मिति :- मिति २०७३।१०।११ सम्म । अस्वीकृत भएका दरखास्त फारमहरुको परीक्षा दस्तुर फिर्ता गरिने छैन ।

(ञ) सर्म्पक तथा परीक्षा हुने मिति पछि प्रकाशित गरिनेछ ।

(ट) कोषमा लागू रहेको कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम ३.९ बमोजिम प्रतीक्षा सूचीको व्यवस्था रहनेछ ।

(ठ) समकक्षता निर्धारण प्रमाणपत्र : उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै पेश भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ ।

(ड) कोषको स्थायी सेवामा प्रवेश गरेका कर्मचारीको हकमा आवश्यक न्यूनतम शैक्षिक योग्यता कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम ३.११ को उपनियम २ को व्यवस्था अनुरुप हुनेछ ।

(ढ) कार्य गर्नुपर्ने क्षेत्र : काठमाडौ उपत्यका बाहिरका शाखा कार्यालयहरु ।

(ण) परीक्षाको दरखास्त फाराम र सम्बन्धित पदको पाठ्यक्रम कोषको Website: www.epfnepal.com.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

(त) उक्त पदहरुको पाठ्यक्रममा उल्लेख भएअनुसारको लिखित परीक्षा एवं कम्प्युटर सीप परीक्षण लोक सेवा आयोगवाट हुनेछ ।

(थ) दरखास्त बुझाउने स्थान :काठमाण्डौ उपत्यकाको हकमा केन्द्रिय कार्यालय पुल्चोक,ललितपुर र कोषको शाखा कार्यालयहरु धनकुटा,विराटनगर,हेटौडा,बुटवल,पोखरा,कोहलपुर,सुर्खेत र धनगढी ।

(द) परीक्षा दस्तुर बुझाउने बैंक : काठमाण्डौ उपत्यकाको हकमा नेपाल इन्भेष्टमेण्ट बैंकमा रहेको खाता नं. ००४०१०१०२५४३७३ र शाखा कार्यालयले तोकेको बैंक खाता ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरुः–**

समावेशी तर्फ दरखास्त दिने उम्मेदवाहरुले निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको पत्र ।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

सचिव
पदपुर्ति समिति
**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर ।